## छत्रकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ८ मितिः २०७९/१०/१५

भाग - २

छत्रकोट गाउँपालिका

**महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको निवृत्तिभरण र सम्मानजनक विदाइ सम्बन्धी कार्यविधि, २०७९**

आज्ञाले,

विर वहादुर पुन

प्रमुख प्रशासकीय अधिकृत

**कार्यविधिको नामःमहिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको निवृत्तिभरण र सम्मानजनक विदाइ सम्बन्धी कार्यविधि २०७९**

प्रस्तावना

समुदायमा प्रतिकारात्मक र प्रबर्धनात्मक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले बि.स. २०४५ साल( शन १९८९।९०) बाट महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम लागु भएको हो। यो कार्यक्रम संचालनका लागि सरकारले पहिलो पटक महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका रणनीति २०४७ जारी गरी लागु गरेका थियो। २०६४।६५ चौथो पटक ,संशोधन गरेको रणनीतिलाई २०६७।६८ मा पुनर्लेखन गरी संचालनमा रहेको हाल,संघिय संरचना अनुसार राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रमलाई परिमार्जन गरी राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम रणनीति २०६७(पहिलो संशोधन २०७६ )स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत गरी संचालनमा ल्याएको छ। सो रणनीति अनुसार ६० बर्ष उमेर पुगेपछि अनिवार्य रुपमा सेवाबाट अवकास हुनुपर्ने यसरी अनिवार्य अवकास हुने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाकालाई मात्रै संघिय सरकारले सम्मानजनक विदाईका लागि रु २००००। का दरले रकम बिनियोजन गरेको छ। लामो समय स्वास्थ्य क्षेत्र सुधारका लागि निस्वार्थ रुपमा जीवनको क्रियाशिल समय सेवामा समर्पित महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका अवकास पछिको जीवनलाई सहज बनाउन सम्मान जनक विदाई सहित निवृत्तिभरण उपलब्ध गराउने र ६० बर्ष उमेर नपुगी विभिन्न कारणले सेवा सेवाबाट बिदा लिनुपर्ने अवस्थामा समेत उँहाहरुले गरेको कार्यको उच्च सम्मान सहित सम्मानजनक विदाई गर्न बान्छनीय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधी जारी गरेको छ।

## परिच्छेद १

प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** (क)यस कार्यबिधिको नाम महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको निवृतिभरण र सम्मानजनक विदाई सम्बन्धी कार्यविधि २०७९ रहेको छ।

(ख)यो कार्यबिधि छत्रकोट गाउँकार्यपालिकाले पारित गरेपछि लागु हुनेछ।

**२.परिभाषा बिषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा**

(क)“ऐन” भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ संझनु पर्दछ।

(ख)“स्थानीय तह” भन्नाले गाउँपालिका संझनु पर्दछ।

(ग)“गाउँपालिका” भन्नाले छत्रकोट गाँउपालिका संझनु पर्दछ।

(घ) “महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका” भन्नाले राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम रणनीति २०६७(पहिलो संशोधन २०७६ )अनुसार नियुक्त महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई बुझनु पर्दछ।

(ङ)“स्वास्थ्य संस्था ” भन्नाले छत्रकोट गाँउपालिका भित्र रहेको प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी , सामुदायिक स्वास्थ्य इकाई र गाउँपालिकाबाट भविष्यमा संचालन हुने आधारभुत अस्पताल वा अन्य आधारभुत स्वास्थ्य संस्था संझनु पर्दछ।

परिच्छेद २

**३.उद्देश्यः** यस कार्यबिधिको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

क) यस छत्रकोट गाउँपालिकामा १० बर्ष सेवा अवधि पुरा गरेको ६० बर्ष उमेर पुगि अनिवार्य अवकाश हुनुभएका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई निवृत्तिभरण उपलब्ध गराउने ।

ख) गाउँपालिका भित्र कम्तिमा ५ बर्ष सेवा अवधि पुरा गरी बिदाइ हुनुहुने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई सम्मान जनक बिदाइ बापत रकम उपलब्ध गराउने।

परिच्छेद ३

**४.जिम्मेवारी**

क)यस कार्यक्रमको जिम्मेवारी छत्रकोट गाउँपालिका, गाउँपालिकाका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका समितिलाई लाई तोकिएको छ।

ख) जिम्मेवार समितिको काम कर्तव्य र अधिकार

१) राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम रणनीति २०६७(पहिलो संशोधन २०७६ ) विभिन्न समयमा सरकारले जारी गरेका नीतिगत व्यवस्था र प्रचलित कानुन अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाले गर्नु पर्ने आचरण पालना गराउने।

२) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाले सम्पादन गर्नु पर्ने कामको अनुगमन गर्ने व्यवस्था मिलाउने बिषेश परिस्थितीमा सामयिक रुपमा काममा लगाउने छ।

परिच्छेद– ४

**५बजेटः**

(क) यस कार्यक्रमका लागि गाउँपालिकाले आफ्नो स्वीकृत बार्षिक कार्यक्रममा बजेटको व्यवस्था गर्नेछ।कम्तीमा १० बर्ष सेवा अवधी पुरा गरी ६० बर्ष उमेरपुगेर अनिवार्य अवकासमा परेकालाई मासिक रुपमा निवृतिभरण र कम्तीमा ५ बर्ष सेवा अवधि पुगी सेवा बाट विदाई हुने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई देहाए बमोजिम आर्थिक सुविधा उपलब्ध गराउने।

(ख) कम्तिमा १० बर्ष सेवा अवधि काम गरेको ६० बर्ष उमेर पुगी अनिवार्य अवकास हुने महिला स्वास्थ्य स्वयं सेविकालाई मासिक रु १०००। अक्षरेपी रुपैया एकहजार का दरले निवृतिभरण उपलब्ध गराउने।

(ग) ५ बर्ष देखि ९ बर्ष सेवा अवधि पुगी सेवा बाट बिदा हुने लाई रु १००००। अक्षरेपी रुपैया दस हजार

(घ) १० बर्ष देखि १९ बर्ष सेवा अवधि पुगी सेवा बाट बिदा हुने लाई रु २००००। अक्षरेपी रुपैया बिस हजार

(ङ) २० बर्ष देखि माथि जतिसुकै सेवा गरेका लागि रु २५०००। अक्षरेपी रुपैया पच्चिस हजार

(च)६० बर्ष उमेर पुगेर अनिवार्य अवकासमा परेकालाइ रु ३००००। अक्षरेपी रुपैया तिस हजार

परिच्छेद– ५

**६ महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाको आचरणः**

(क) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाले सेवा गर्दा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम रणनीति २०६७(पहिलो संशोधन २०७६ )ले निर्धारण गरेका आचरण र पालिकाले तोकेको कार्यविवरण,पालिका र सम्बन्धीत स्वास्थ्य संस्था प्रति उत्तरदायी भई कार्य गर्नु पर्नेछ।

(ख) आचरण पालना नगर्ने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई पालिकाले यो सुविधाबाट बञ्चित गर्न सक्नेछ।

परिच्छेद– ६

**विविधः**

६.यस कार्यक्रमका लागि बिनियोजित रकम गाउँकार्यपालिका कार्यालयमै रहनेछ।

७.अनुगमनः यस कार्यबिधि बमोजिम भएका सम्पूर्ण क्रियाकलापको अनुगमन गाउँपालिका बाटै हुनेछ

८.संशोधन र बचाउः यस कार्यबिधिको कुनै व्यवस्थामा सशोधन गर्नु परेमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ। नेपालको अन्य कुनै प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।